स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चर्चित डान्सिङ समूह 'द कार्टुन्ज क्रु'ले ल्याउन लागेको वेब सिरिज 'स्वस्थानी भर्सेस ग्याङ' वैशाख १ गतेदेखि स्ट्रिमिङ हुने भएको छ । पोस्टर सार्वजनिक गर्दै यो समूहले उक्त जानकारी दिएको हो । सिरिजमा आश्मा विश्वकर्मा, सरोज अधिकारी, जिवेश गुरुङ, लक्ष्मी गिरी, विजय अधिकारी, अस्मिता खनाल, अभिप्सा खनाल, संयोग गुरागाईं, रोशनी कार्की, सोनिया लामा, निकोलस अर्याल लगायत कलाकार छन् । गायक प्रताप दासको केमियो भूमिका हुनेछ ।

**आजको विचार...**



आरक्षणले... (दुई पेजमा)

रितेश पन्थी



अभिनेत्री रेखा थापाले छोरीलाई जन्म दिएकी छन् । अमेरिकाको कोलोराडोको अस्पतालमा उनले आफ्नो पहिलो सन्तानलाई जन्म दिएकी हुन् । छोरीको नाम वैभवी राज्यलक्ष्मी शाही ठकुरी राखिएको छ । 'हेर आकाशमा कालो बादल वरिपरि चाँदीको घेरा छ, हेर धर्तीमा तिमी जन्मनुको महान् कारण छ । वैभवी राज्यलक्ष्मी शाही ठकुरी,' आफू, श्रीमान र छोरीको तस्बिर राख्दै रेखाले आफ्नो फेसबुक वालमा लेखेकी छन् । नवजात शिशुको तौल साढे चार किलो रहेको रेखाले ताएकी छन् । रेखा अभिनित तथा निर्मित फिल्म उपहार यही फागुन २५ गतेबाट लाग्दैछ ।

❒ वर्ष २९ ❒ अंक २०८ ❒ २०८० फागुन १३ गते आइतबार 25 February 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सिद्धबाबा सुरुङमार्ग निर्माण धमाधम

## १० प्रतिशत बढी काम सकियो

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन १२/सिद्धार्थ राजमार्ग अन्तर्गत बुटवल-तानसेन सडक खण्डको सिद्धबाबा क्षेत्रमा निर्माणाधीन सिद्धबाबा सुरुङमार्ग निर्माण कार्यले गति लिएको छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको सुरुङमार्ग निर्माण धमाधम हुन थालेपछि कामले गति लिएको हो ।

निर्माणको जिम्मा पाएको निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले पछिल्लो केही समय यता कामलाई तिव्रता दिएको छ । सिद्धबाबा सुरुङमार्ग आयोजनाले मंगलबार सार्वजनिक गरेको पछिल्लो अपडेट अनुसार १० दशमलव ४५ प्रतिशत काम सकिएको छ । जसमध्ये ६.४ प्रतिशतमा डिजाइन, विस्तृत अध्ययन, रूखकटान, ल्याब तथा पावार सप्लाइ र ४.०५ प्रतिशत प्रगति भने संरचनामा भएको देखिन्छ । आयोजनाकी इन्जिनियर सविता ज्ञवालीले कामले अहिले तिव्रता पाएको बताईन् । उनका अनुसार सुरुवातमा केही सुस्त भए पनि अहिले कामले गति लिएको हो । साउथ पोर्टलतर्फ उत्खननको काम १९ दशमलव ७ मिटर सकिएको इन्जिनियर ज्ञवालीले बताईन् । उनका अनुसार सुरुङमार्गतर्फ बाइपास टनेल पहिलो ५.८ मिटर, बाइपास दोस्रो ७ मिटर र बाइपास टनेल तेस्रोको ४ मिटर उत्खनन् भइसकेको छ । स्लोप कटिङ र प्रोटेक्सनतर्फ १८८ मिटर बराबरको काम भएको छ । आयोजनाको काम गत वर्षदेखि शुरू भए पनि वर्षातका बेला पहिरो झरेर 'टनेल' निर्माण क्षेत्रमा ठूलो क्षति पुऱ्याएको थियो । शुरूका दिनमा कतिपय क्षेत्रमा पर्ने रूखहरू काट्ने अनुमति नपाए पनि अहिले सबै रूख काटेपछि कामले गति लिएको इन्जिनियर ज्ञवालीले बताइन् । सुरुङको दुवैतर्फबाट निर्माण भइरहेको छ । 'अहिले दुवैतर्फबाट कामले तिव्रता पाएको छ,' उनले भनिन्,'मन्दिरतर्फबाट साउथ पोर्टको काम भइरहेको छ । अहिले झण्डै १०० मजदुरले काम गरिराखेका छन् ।' आउँदो वर्षायाममा टनेलभित्र छिरेर काम गर्न सक्नेगरी कामले गति लिएको आयोजनाले जनाएको छ । पटक-पटक राजमार्गमा आवागमन बन्द गरे काम गरे पनि लामो समय हुँदा समेत कामले गति लिन नसकेपछि ठिक दुई महिना अघि विभिन्न सञ्चार माध्यममा सुस्त गतिमा 'सिद्धबाबा सुरुङमार्ग निर्माण कार्य भन्ने समाचार प्रकाशन भएका थिए । सो समाचार प्रकाशन भएको केही समयपछि संघीय सरकारको ध्यानाकर्षण भएको थियो । भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले समेत निर्माण कार्यको स्थलगत निरीक्षण गरी सुरुङमार्गको काम सुस्त भएको भन्दै कामलाई तिव्रता दिन निर्देशन दिएका थिए । चौतर्फी दवावपछि निर्माण व्यवसायीले अहिले कामलाई तिव्रता दिएको हो । केही दिनयता अन्य काम सकेर मुख्य सुरुङ्गको टनेल खन्ने काम भइरहेको छ । बुटवलको तल्लो सिद्धबाबादेखि पाल्पाको दोभान चौकीसम्मको करिब तीन किलोमिटर सडक क्षेत्र पहिरोका कारण जोखिमयुक्त भएकाले यहाँ सुरुङमार्ग बनाउन लागिएको हो । चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले सुरुङमार्ग निर्माणका लागि ७ अर्ब ३४ करोड २१ लाख रुपैयाँमा २०७८ फागुन १ मा ठेक्का पाएको हो । गत साउन पहिलो साता झरेको पहिरोले सुरुङमार्गको 'टनेल पोर्टल' नै पुरिएपछि तीनमहिना बढी समय रोकिएको सुरुङमार्ग निर्माणको काम दशैंपछि मात्रै सुरु गरिएको हो । सुरुङमार्ग निमार्णका लागि पटक-पटक सडक बन्द गरेर काम हुँदै आएको छ । यही माघको पहिलो सातादेखि मात्र सुरुङमार्गको मुख्य सुरुङ खन्न सुरु भएको हो । निर्माण कार्यको सन् २०२२ मार्च ९ मा ठेक्का सम्झौता भएर २२ मार्च २०२७ मा सक्नुपर्ने सम्झौता रहेको छ । ठूलो क्षति व्यहोर्नु परेको र त्रासदीमा यात्रा गर्नुपर्ने बाध्यतामा रहेका स्थानीयहरू सुरुङमार्गको कामले गति लिन थालेपछि भने वर्षौंदेखि सुरुङबन्ने सपना पुरा हुनेमा ढुक्क भएका छन् । तानसेनकी शान्ता ढकालले सुरुङमार्ग निर्माणको कामले ढिलै भएपनि गति लिन थालेको कुराले खुशी तुल्याएको बताइन् । यो सडक खण्ड प्रयोग गरी गुल्मी, पाल्पा, अर्घाखाँची, स्याङ्जा, पोखरा, बाग्लुङ तथा म्याग्दीसम्म यातायातका साधन चल्ने गर्छन् । यहाँ हरेक वर्ष जाने पहिरोले जनधनको क्षति पुऱ्याउने गर्दछ ।



सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पाको तिनाउ गाउँपालिका-३, सिद्धबाबा क्षेत्रमा निर्माण सुरु भएको सुरुङमार्ग ।

### सक्षिप्त समाचार

## ट्याक्टर ट्रली पल्टिँदा २२ जनाको मृत्यु

**(रासस/सिन्हुवा)**

**नयाँ दिल्ली,** फागुन १२/भारतको उत्तर प्रदेशमा शनिबार ट्र्याक्टर ट्रली पल्टिएर पोखरीमा खस्दा कम्तीमा २२ जनाको मृत्यु भएको छ भने अन्य १० जना घाइते भएका छन् । उक्त दुर्घटना उत्तर प्रदेशको राजधानी लखनउबाट २६६ किलोमिटर उत्तरपश्चिममा पर्ने कासगञ्ज जिल्लाको पटियाली क्षेत्रमा भएको हो । अहिलेसम्म दुर्घटनामा २२ जनाको मृत्यु भइसकेको छ र घाइते भएका १० जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको कासगञ्जका प्रमुख मेडिकल अफिसर राजीव अग्रवालले सञ्चार माध्यमलाई बताएका छन् । प्रहरीका अनुसार पीडितहरू गङ्गा स्नान गर्न कादरगञ्ज जाँदै थिए । पीडितहरूमध्ये अधिकांश महिला र बालबालिका रहेको बताइएको छ । उद्धारकर्ताहरूले घटनास्थलबाट शव निकालेर शवगृहमा राखेको र पोष्टमार्टमपछि परिवारलाई जिम्मा लगाइने प्रहरीले जनाएको छ । उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले मृतकप्रति दु:ख व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेका छन् । उनले पीडित परिवारलाई आर्थिक सहयोग गर्ने घोषणा समेत गरे । ट्र्याक्टर चालकले अर्को गाडीलाई ओभरटेक गर्न खोज्दा दुर्घटना भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ । भारतमा घातक सडक दुर्घटनाहरू प्राय: ओभरलोडिङ, सडकको खराब अवस्था र लापरवाह ड्राइभिङका कारण हुने गरेको पाइएको छ । सडक दुर्घटनामा प्रत्येक वर्ष लगभग १ लाख ५० हजार मानिसहरूको मृत्यु हुने गरेको छ ।


## कर्मचारी आवश्यकता

**नवजनचेतना दैनिक**का लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**पद : बजार व्यवस्थापक**

**संख्या :** केही

**योग्यता :** +२ उत्तीर्ण

**तलव :** नियम अनुसार

**आवेदन दिने अन्तिम मिति :** २०८०/११/१६ गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

*(नोट : मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)*

**कैलाशनगर मिडिया प्रा.लि.**

**(नवजनचेतना दैनिक)**

भगवतीटोल, तानसेन, पाल्पा

E-mail : njdnews@gmail.com

"पाल्पामा कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापार, छ सम्भावना अपार"

**सबैको उत्सव, तानसेन महोत्सव**

**तानसेनको टुँडिखेल जाऔं, तानसेन महोत्सव २०८० मा सहभागी बनौं**

फागुन १९ देखि २९ गतेसम्म टुँडिखेल मैदान, तानसेन, पाल्पा



**मुख्य आयोजक**

**तानसेन नगरपालिका**

**तानसेन, पाल्पा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## मिटरब्याज पीडितको गुनासो सम्बोधन गर

मिटरब्याजपीडितहरु २३ दिनको पैदलयात्रापछि बुधबार काठमाडौं पुगेर आन्दोलन थालेका छन् । उनीहरूले सुदूरपूर्वको काँकडभिट्टा र सुदूरपश्चिमको गड्डाचौकी नाकाबाट १६ माघमा एकैदिन 'न्यायका लागि मार्च' सुरु गरेका थिए । गत चैतमा ११ दिन पैदल हिंडेर राजधानी पुगेका मिटरब्याजपीडितलाई सरकारले न्याय दिलाउने लिखितम् नै गराएर फर्कायो, तर एक वर्षसम्म न्याय नपाएपछि पीडितहरू फेरि सिंहदरबार गुहार्दै २३ दिन हिंडेर काठमाडौं पुगेका छन् ।

सरकारले गतवर्ष गरेको सम्झौता कार्यान्वयन नभएको र मिटरब्याज पीडितलाई न्याय दिन बनेको समितिको प्रतिवेदन बेवास्ता गरेपछि पीडितले पुनः आन्दोलन शुरू गरेका हुन् । पीडितलाई सरकारले राहत दिन छोडेर थप आहत सिर्जना गरेको छ । घरबार छोडी काठमाडौं पुगेर चिसोमा कठाग्रिएर आन्दोलनमा उत्रिनु रुचिकर पक्कै पनि होइन । तर, आन्दोलन उठेपछि हुने वार्ता र सहमति कार्यान्वयन नहुँदा पीडितहरू पटक–पटक उस्तै आन्दोलन दोहोऱ्याउन बाध्य भएका छन् । सम्झौता गरेर कार्यान्वयन नगर्ने सरकारको रवैयाप्रति जनआक्रोस बढेर गएको छ । त्यसको परिणामस्वरूप बाध्य भएर आन्दोलन गरेका हुन् । मिटरब्याज पीडितले न्यायका लागि पटक–पटक आन्दोलन गरे । सरकारसँग सम्झौता भयो । आयोग पनि बन्यो । तर, पीडितले अहिलेसम्म पनि न्याय पाउन नसक्नु विडम्वनाको कुरा हो । उनीहरूको जमिन सारकारले फिर्ता दिएन । न ऋण नै मिनाहा भयो । त्यसो हुँदा आन्दोलनमा उनीहरु उत्रन विवस भए । यसपटक भने माग पूरा नभएसम्म घर नफर्कने दृढतासहित पीडित काठमाडौं पुगेका छन् । मिटरब्याज लिंदा साहुले अधिकांश पीडितको घरजग्गा दृष्टिबन्धक राखेर कब्जा गरेको पीडितको गुनासो छ । पीडितलाई राहत दिनुपर्ने हो । तर, स्थानीय प्रशासनले पीडितको पीडा नसुनेपछि बाध्य भएर अन्तिम आन्दोलनमा होमिन पुगेका छन् । मिटर ब्याजीले लगातार दिएको पीडा र तनाब खप्न नसकेपछि उनीहरु फेरी संघीय राजधानी पुगेका हुन् । माग पूरा नभएसम्म काठमाडौं नछाड्ने अडान राखेका पीडितको माग पूरा गर्ने विषयमा सरकार गम्भीर हुनुपर्छ । एक वर्षदेखि आश देखाएर पीडितलाई पीडा दिने विषय कदापि सह्य हुँदैन् । ऋण दिएको रकमभन्दा बढीको तमसुक बनाउने, चर्को ब्याज तोक्ने र ब्याज नबुझाए साँवामै गाभेर कागज बनाउने सुदखोरको प्रवृत्तिका कारण हजारौं नागरिक पीडित छन् । यस्तो ठगीधन्दा नियन्त्रणमा सरकार गम्भीर बन्न आवश्यक छ । आन्दोलनमा उत्रिएको लामो समय बितेपछि मात्र चासो राखेर सहमति गर्ने तर त्यसपछि सम्झौता कार्यान्वयन नगर्ने प्रवृत्ति गलत छ । सरकारले समस्या सुल्झाउने आश्वासन दिंदै यसरी अलमल्याइरहनु भनेको मिटरब्याजपीडितमाथि थप अन्याय गर्नु हो । तसर्थ पैदलयात्रामा रहेका मिटरब्याज पीडितका गुनासालाई सरकारले तत्काल सम्बोधन गर्न जरुरी छ ।

### Opinion @ Social Network

कमजोर छैन बस झगडा मन पर्दैन, नत्र पर्दा हतियारको प्रहार र नमस्कार दुबै गर्न आउँछ मलाई ।

*(रीता अधिकारीको फेसबुक स्टाटस https://www.facebook.com/ritaadhikari)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आरक्षणले उब्जाएको प्रश्न



## रितेश पन्थी

> *प्रतिवेदन अनुसार थरलाई उलटपुलट गरेर फाइदा उठाउने, अपा□को हकमा मापदण्ड निर्धारण नभएको, पिछडिएको क्षेत्रको नागरिकता लिएर सुगममा बस्नेहरूले लाभ लिएको जस्ता समस्या आरक्षण प्रणालीमा देखिएको छ । एकपटक आरक्षण पाएकालाई फेरि आरक्षण दिन नहुने, आरक्षणबाट प्रवेश भएकाको विस्तृत विवरण राख्नुपर्ने, समूहभित्रको विविधता अभिवृद्धि गर्नुपर्ने र यसमा लोक सेवा आयोगले ध्यान दिनुपर्ने प्रतिवेदनमा उल्लेख छ । आरक्षण समूहअन्तर्गत सीमित थरहरूको वर्चस्व देखिएको छ । आदिवासी जनजातिमा चौधरी, श्रेष्ठ र राईबाट मात्र ३८.९२ प्रतिशत, मधेसीमा यादव, शाह, चौधरी, महतोबाट ५०.६४ प्रतिशत, दलितमा विश्वकर्मा (विक) र नेपालीबाट ३७.४६ प्रतिशत, पिछडिएको क्षेत्रमा जोशी, बुढा, शाही, उपाध्याय र थापाबाट २७.३७ प्रतिशत उम्मेदवार सिफारिस भएको भन्दै समूहभित्रको विविधता अभिवृद्धिमा जोड दिइएको छ । त्यस्तै, कम प्रतिनिधित्व भएको मुस्ताङ, मनाङ र रसुवा जिल्लालाई पिछडिएको कोटा दिन भनिएको छ । त्यस्तै, आरक्षण अन्तर्गत सार्वजनिक सेवामा एकै परिवार वा परिवारसँग सम्बन्धित वर्गको उपस्थिति सीमित गर्न विभिन्न उपाय सुझाएको छ । यी पृष्ठभूमि भएको सन्ततिलाई आरक्षण नदिन भनिएको छ । पति र पत्नी दुवै आरक्षणअन्तर्गत सेवा प्रवेश गरेकाको, आरक्षणबाट सेवा प्रवेश गरी निजामती सेवाको प्रथम श्रेणी वा सोभन्दा माथि पुगेको कर्मचारीको, संघ वा प्रदेश संसदको सदस्य भएको वा एक वर्षभन्दा बढी अवधि जुनसुकै मन्त्री भएका बाबु–आमाको सन्तानलाई आरक्षण उचित नभएको प्रतिवेदनमा उल्लेख छ ।*

२०८० माघ ४ गते विभिन्न ६ वटा राष्ट्रिय आयोगहरू (महिला, दलित, मधेसी, मुस्लिम, आदिवासी जनजाति र थारु)ले पत्रकार सम्मेलन गरी जनसंख्याका आधारमा आरक्षणको व्यवस्था हुनुपर्ने धारणा राखेका थिए । एक वर्षअघि राष्ट्रिय समावेशी आयोगले अबको १४ वर्षपछि आरक्षण नचाहिने अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो । यस प्रतिवेदनको समेत चर्चा गर्दै ६ संवैधानिक आयोगका अध्यक्षहरूले निजामती सेवामा किनारामा पारिएका समुदायको समानुपातिक समावेशिता नभएको औँल्याएका थिए । हाल निजामती सेवामा समावेशिता कायम गर्न आवश्यक पदमध्ये ४५ प्रतिशत सिट छुट्याई त्यसलाई शतप्रतिशत मानी विभिन्न समूहलाई आरक्षणको व्यवस्था गरिएको छ । जस अनुसार महिलाले ३३ प्रतिशत, मधेसीले २२, जनजातिले २७, दलितले ९, अपाङ्गले ५ र पिछडिएको क्षेत्रले चार प्रतिशत आरक्षण पाउँछन् ।

उपुर्यक्त ६ आयोगहरूले संयुक्त रूपमा 'निजामती सेवामा समावेशिताको स्थिति अध्ययन प्रतिवेदन' सार्वजनिक गरेका थिए । राष्ट्रिय किताब खाना, निजामती कर्मचारी र लोक सेवा आयोगको तथ्याङ्कका आधारमा तयार पारिएको प्रतिवेदन अनुसार निजामती सेवामा महिलाको प्रतिनिधित्व १५ वर्षमा ५.५ प्रतिशतको दरले मात्र बढेको छ । यही हिसाबले महिलाको प्रतिनिधित्व ५० प्रतिशत पुग्न १३६ वर्ष लाग्ने तथ्याङ्कले देखाएको छ । यस्तै, आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व २७ प्रतिशत पुग्न दुई सय १० वर्ष, दलितको १३ प्रतिशत प्रतिनिधित्व पुग्न १२० वर्ष, मधेसी समुदायको २२ प्रतिशत पुग्न ९० वर्ष, मुस्लिम समुदायको जनसंख्या अनुसार समानुपातिक प्रतिनिधित्व पुग्न १०७ वर्ष कुर्नुपर्ने तथ्यांकले देखाएको औँल्याएको छ । यद्यपि लोकसेवाकै अनुसार भने आरक्षणबाट लाभ पाउने समुदायहरूको खुलातर्फबाट बलियो उपस्थिति देखिन्छ । पछिल्ला ६ वर्षमा आरक्षण समूहबाट नौ हजार ८२९ जना सिफारिस भएकामा खुलाबाट सोही अवधिमा नौ हजार ३१ जना सिफारिस भएका थिए । आव २०७८/७९ मा समावेशीबाट एक हजार २३ जना सिफारिस हुँदा आरक्षण पाउने समूहका ६ सय २५ जना खुलाबाट सिफारिस भएका थिए, (२०८० असार ८ गतेको नयाँपत्रिका दैनिक) । विभिन्न समयमा भएको जनआन्दोलन, माओवादी जनयुद्ध, मधेस आन्दोलन लगायत आन्दोलनको परिणामस्वरूप हामीकहाँ आरक्षणको व्यवस्था गर्न थालिएको हो । राज्य संयन्त्रमा पुरुषको र केही उपल्लो भनिएको जात र समुदायको वर्चस्व तोड्न, सबै समुदाय र लिंगलाई राज्यको मूलधारमा समावेश गर्नु आरक्षणको उद्देश्य हो । नेपालको संविधानले सामाजिक न्याय र समानुपातिक समावेशीकरणको नीति लिएको छ ।

**समावेशी आयोगको प्रतिवेदनको निष्कर्ष**

राष्ट्रिय समावेशी आयोगले २०७९ मा 'विद्यमान सरकारी सेवामा आरक्षणको प्रभाव अध्ययन प्रतिवेदन' सार्वजनिक गरेको थियो । प्रतिवेदनमा आरक्षण अल्पकालीन अवधारणा भएको र समय क्रमसँगै यसको पुनरवलोकन हुनुपर्ने उल्लेख छ । १९८ पृष्ठको प्रतिवेदनमा आरक्षणले पारेको सकारात्मक प्रभाव र नकारात्मक प्रभावका बारे चर्चा गरिएको छ ।

प्रतिवेदन अनुसार थरलाई उलटपुलट गरेर फाइदा उठाउने, अपाङ्गको हकमा मापदण्ड निर्धारण नभएको, पिछडिएको क्षेत्रको नागरिकता लिएर सुगममा बस्नेहरूले लाभ लिएको जस्ता समस्या आरक्षण प्रणालीमा देखिएको छ । एकपटक आरक्षण पाएकालाई फेरि आरक्षण दिन नहुने, आरक्षणबाट प्रवेश भएकाको विस्तृत विवरण राख्नुपर्ने, समूहभित्रको विविधता अभिवृद्धि गर्नुपर्ने र यसमा लोक सेवा आयोगले ध्यान दिनुपर्ने प्रतिवेदनमा उल्लेख छ । आरक्षण समूहअन्तर्गत सीमित थरहरूको वर्चस्व देखिएको छ । आदिवासी जनजातिमा चौधरी, श्रेष्ठ र राईबाट मात्र ३८.९२ प्रतिशत, मधेसीमा यादव, शाह, चौधरी, महतोबाट ५०.६४ प्रतिशत, दलितमा विश्वकर्मा (विक) र नेपालीबाट ३७.४६ प्रतिशत, पिछडिएको क्षेत्रमा जोशी, बुढा, शाही, उपाध्याय र थापाबाट २७.३७ प्रतिशत उम्मेदवार सिफारिस भएको भन्दै समूहभित्रको विविधता अभिवृद्धिमा जोड दिइएको छ । त्यस्तै, कम प्रतिनिधित्व भएको मुस्ताङ, मनाङ र रसुवा जिल्लालाई पिछडिएको कोटा दिन भनिएको छ । त्यस्तै, आरक्षण अन्तर्गत सार्वजनिक सेवामा एकै परिवार वा परिवारसँग सम्बन्धित वर्गको उपस्थिति सीमित गर्न विभिन्न उपाय सुझाएको छ । यी पृष्ठभूमि भएको सन्ततिलाई आरक्षण नदिन भनिएको छ । पति र पत्नी दुवै आरक्षणअन्तर्गत सेवा प्रवेश गरेकाको, आरक्षणबाट सेवा प्रवेश गरी निजामती सेवाको प्रथम श्रेणी वा सोभन्दा माथि पुगेको कर्मचारीको, संघ वा प्रदेश संसदको सदस्य भएको वा एक वर्षभन्दा बढी अवधि जुनसुकै मन्त्री भएका बाबु-आमाको सन्तानलाई आरक्षण उचित नभएको प्रतिवेदनमा उल्लेख छ । यस्तै, विदेशी आमा र बाबुको नेपाली सन्तानलाई, महानपामा पाँच करोड, उपमहानपामा चार करोड र नपामा तीन करोड रुपैयाँभन्दा बढी मूल्यको घर भएकाको सन्ततिलाई आरक्षण निषेध गर्न भनिएको छ ।

**अबको बाटो :** निजामती सेवा ऐन, २०४९ (संशोधित) को दफा ७ को उपदफा ११ को अनुसार आरक्षणको व्यवस्था प्रत्येक १० वर्षमा पुनरवलोकन गरिने भनिए पनि यो १६ वर्षदेखि यथावत छ । हालसम्म यसमा कुनै परिमार्जन हुन सकिरहेको छैन । लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीका अनुसार, आरक्षण पाउने समूह खुलाबाट समेत बढिरहेको हुँदा यसलाई पुनरवलोकन गरिनुपर्छ । संविधान अनुसार संघ, प्रदेश र स्थानीय तह सबैलाई जोड्ने गरी र प्रदेशलाई मार्गप्रशस्त गर्न निजामती सेवा ऐन ल्याउनुपर्नेमा त्यो समेत राजनीतिक दलहरूले ल्याउन नसकेर भद्रगोल र अस्तव्यस्त भएको पाइन्छ । यसले गर्दा प्रदेशहरूले समेत राम्रोसँग काम गर्न नसकेर संघीयतामाथि प्रहार गर्नेहरूलाई बल पुऱ्याइरहेको छ । त्यसका साथै राजधानीमै कर्मचारी थुप्रिन खोज्ने र अटेरीपन देखाउने प्रवृत्ति बढेको छ । विनोद पञ्जियारले प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई विपक्षी बनाएर दायर गरेको रिटमा सर्वोच्च अदालतको ०७७ पुस १ गतेको फैसलामा आरक्षणको दुरुपयोग भएको र तरमारा वर्गहरूले यसको लाभ पाइरहेको उल्लेख थियो । जुनसुकै जातको भए पनि राजनीतिक, आर्थिक र सामाजिक रूपमा उच्च वर्गमा पुगेको व्यक्तिको परिवारलाई आरक्षणबाट वञ्चित गर्नुपर्ने सर्वोच्च अदालतको आदेश थियो । उक्त फैसलामा अदालतले आरक्षण जातीय र वर्गीय रूपले भन्दा लक्ष्यकेन्द्रित गराउन आदेश दिएको थियो । त्यस फैसलामा भनिएको छ– सकारात्मक विभेदको व्यवस्थालाई पटकपटक एकै व्यक्ति वा परिवारमा नदोहोरिने गरी र समय-समयमा वस्तुनिष्ठ रूपमा अनुगमन, मूल्यांकन र पुनरवलोकन समेत गर्ने गरी वास्तवमै गरिब र उपेक्षित वर्गको पहुँच र सहज उपयोगमा रहने र सकारात्मक हस्तक्षप नचाहिने व्यक्ति, परिवार वा समूहलाई क्रमशः बाहेक गर्दै जाने व्यवस्था गरेमा मात्र यसले संविधानको लक्ष्यलाई पछ्याउन सक्छ । थारुहरूलाई ६.६ प्रतिशत आरक्षणको व्यवस्था हुनुपर्ने भन्दै थारु कल्याणकारी सभाका महामन्त्री प्रेमिलाल चौधरीले दायर गरेको रिटमा सर्वोच्च अदालतले गत २४ माघ २०७९ मा गरेको फैसलामा समेत आरक्षण व्यवस्था पुनरवलोकन हुनुपर्ने दोहोऱ्याइएको छ । आरक्षणमा पुनरवलोकन जरुरी देखिन्छ । खासगरी सरकारी विद्यालयमा पढ्नेलाई मात्र आरक्षणको दायरामा ल्याउनुपर्छ । आरक्षण पटकपटक दिन हुँदैन । एकैपटक सेवा प्रवेश गरेकामध्ये कोहीले आरक्षणकै बलमा बढुवा भइरहने र उपल्लो पदमा पुगिहाल्ने हुँदा अर्को साथीको मनोबल घट्ने मात्र होइन, ब्रेन ड्रेनको स्थिति समेत देखापर्ने हुन्छ । जनगणना अनुसार, १४२ जातजाति रहेको मुलुकमा सीमित जातजातिकै रजाइँ हुने हो भने आरक्षणको मर्म र यसको सशक्त कार्यान्वयनमा चोट पुग्छ । यौनिक अल्पसंख्यकलाई आरक्षणको दायरामा ल्याउनुपर्ने देखिन्छ । कोशी प्रदेशले २०७९ मा दुई प्रतिशत र लुम्बिनी प्रदेशले एक प्रतिशत यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई आरक्षणको व्यवस्था गरेको पाइन्छ । यसरी आरक्षण हटाउने भन्दा पनि पुनरवलोकन गर्दै समयसापेक्ष सुधार गर्न ढिलाइ नगरौँ ।

**-रातोपाटी डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५५०
बुटवल हस्पिटल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा दुविधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिको लागि संघर्ष गर्नुपर्ला । | **तुला** : प्रेममा मधुरता छाउनेछ । काममा राम्रै फड्को मार्न सकिनेछ । |
| **वृष** : मनमा सहयोग भाव आउला । प्रेम सम्बन्धपनि कसिलो हुनेछ । | **वृश्चिक** : दैनिक कार्यमा प्रगति हुनेछ । शान्ति र कान्ति छाउनेछ । |
| **मिथुन** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । | **धनु** : ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । धार्मिक यात्रा हुनसक्छ । |
| **कर्कट** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । रतिरागपनि बढ्नेछ । | **मकर** : चिताएको कामले तीव्रता लिनेछ। परिश्रमको उपलब्धि राम्रै पाइनेछ । |
| **सिंह** : स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । | **कुम्भ** : कामबाट दोहोरो लाभ मिल्नेछ। दिनको उत्तरार्धमा खर्च बढ्नेछ । |
| **कन्या** : गरेको कार्यमा सफलता मिल्नेछ। वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । | **मीन** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। परिवारमा सुख सन्तोष छाउला । |

# कृषि

## पर्वतमा पहिलोपटक व्यावसायिक स्याउखेती



पर्वतमा पहिलोपटक व्यावसायिकरुपमा स्याउखेती सुरु गरिएको छ । जिल्लाको मोदी गाउँपालिकाको वडा नं ४ क्याङका छमबहादुर शेरपुजा 'लाल' ले गत वर्षदेखि व्यावसायिकरुपमा स्याउखेती सुरु गरेका हुन् ।

स्थानीय फलाटे र एकगैरेमा रहेको आफ्नो पाँच रोपनी जग्गामा एक सय वटा बिरुवा लगाएर स्याउखेती सुरु गरेका छन् । २८ वर्ष लामो समय भारतीय सेनामा बिताएका शेरपुजाले अवकाशपछि गाउँमा खाली रहेको जग्गा सदुपयोग गर्ने उद्देश्यले जिल्लामै पहिलोपटक स्याउखेती सुरु गरेको बताए । शेरपुजाले युट्युब च्यानलबाट स्याउखेतीसम्बन्धी विभिन्न जानकारी लिएर पहिलोपटक एग्रो मनाङ प्रालि काठमाडौंसँगको समन्वयमा इटलीबाट चार वटा फरकफरक जातका एक सय बिरुवा खरिद गरेर खेती सुरु गरेका हुन् । गत वर्षदेखि सुरु भएको स्याउखेतीमा अहिले तीन सय वटा बिरुवा पुगिसकेका छन् भने बिरुवा रोपेको पहिलो वर्षमै झण्डै ५० किलोग्राम स्याउ उत्पादन भएको कृषक शेरपुजाले जानकारी दिए । उनले समुद्री सतहबाट दुई हजारदेखि २२ सय मिटरको उचाइमा स्याउखेती गरेका छन् । सुरुमा गाला, गोल्डेन, फुजी र रेडचिप गरी चार वटा जातका बिरुवा रोपेका हुन् । सुरुआतमा मलखाद नमिलेका कारण २०/२५ वटा बिरुवा मरेको र पुन: भारतवाट एम सात र एमएन १११ जातको नयाँ बिरुवा ल्याएर रोपेको शेरपुजाले बताए ।

धेरै वर्ष पहिला कृषि अनुसन्धान केन्द्र लुम्लेबाट बिरुवा ल्याएर परीक्षण गर्दा फल्ने तर बिरुवा लामो समय नटिक्ने समस्या रहेको थियो । आफूले सामाजिक सञ्जाल र युट्युबमा थप अध्ययन गर्दै जाँदा यहाँको हावापानी र उचाइमा उपयुक्त हुने स्याउ इटलीमा पाइने बुझेपछि एग्रो मनाङ प्रालिमार्फत मगाएर बिरुवा रोपेको उनले बताए । सुरुमा परीक्षणका लागि लगाएको बिरुवाबाट पहिलो वर्षमै राम्रो उत्पादन भएपछि आफैँले बिरुवा कलमी गर्ने, बीउबाट नर्सरी बनाउने काममा लागेको उनले बताए । यस वर्ष थप दुई सय बिरुवा रोप्ने योजना बनाएका शेरपुजाले आगामी वर्ष एक हजार ५०० बोट विस्तार गर्ने लक्ष समेत राखेका छन् । एउटा बोटबाट कम्तीमा पाँच केजीसम्म उत्पादन लिन सकिन्छ । शेरपुजाले भविष्यमा तीन हजारसम्म बोट लगाउने योजना बनाए ।

कोदो, मकै, आलु खेती हुने बारीमा पहिलोपटक आफुले स्याउका बिरुवा ल्याएर रोपेपछि गाउँलेले जिस्क्याएको भए पनि पहिलो वर्षमै राम्रो फल लागेपछि अहिले छिमेकीसमेत स्याउखेतीतर्फ सकारात्मक बनेका छन् । शेरपुजाले भने, 'पहिला गाउँलेले विश्वास नै मानेका थिएनन् जब बोट सारेको पहिलो वर्षमै स्याउ फल्न थाल्यो, त्यसपछि भने छिमेकीले पनि स्याऊ खेती गर्न उत्साहित बनेका छन् ।' शेरपुजाले आफ्नै नर्सरीमा तयार गरेका बिरुवा अन्य किसानलाई बिक्री गर्ने जानकारी दिए । अहिले परीक्षणकैरुपमा रहेकाले अब फार्म नै खोलेर यो खेती विस्तार गर्ने तयारी शेरपुजाको रहेको छ । 'कोदो मकै लगाउँदा खासै आम्दानी हुने थिएन, स्याउखेती लगाएपछि प्रशस्त आम्दानी हुने अपेक्षा गरेको छु', उनले भने । शेरपुजाले अवकाश पछिको जीवन व्यावसायिक स्याउ उत्पादन र विस्तारमा बिताउने योजना रहेको समेत बताए ।

स्याउ उत्पादनका लागि अनुकूल वातावरण भए पनि अहिलेसम्म कसैले चासो नदेखाएको उनको भनाइ छ । शेरपुजा र उहाँकी श्रीमतीले फार्ममा काम गर्दै आएका छन् । उनका एक छोरा अध्ययनका लागि अमेरिका र अर्का छोरा नेपालमै कम्प्युटर इन्जिनियर, छोरी भने अस्ट्रेलियामा छन् । सहरमा बस्न बाग्लुङ बजारमा सुविधासम्पन्न घर बनाएको भए पनि आफू भने गाउँमै बसेर व्यावसायिक स्याउखेती गर्ने योजना बनाएको उनले बताए ।

गाउँमा रहेका बेरोजगार तथा जग्गा बाँझो राखेर बस्नेलाई समेत प्रेरणा मिलोस् र खाली जग्गा सदुपयोग गरी प्रशस्त आम्दानीसमेत गर्न सकून् भन्ने उद्देश्यले एक्लै भए पनि स्याउखेती सुरुवात गरेको उनको भनाइ छ । अर्को वर्षदेखि थप जग्गा भाडामा लिएर अझै स्याउखेती विस्तार गर्ने उनको योजना रहेको छ । स्याउखेतीका लागि भनेर आफूले कुनै तालिम र सीप नसिकेको बताउँदै युट्युबबाटै आवश्यक जानकारी लिएर खेती गरेको उनले सुनाए । जिल्लामै पहिलोपटक खेती सुरु गरे पनि कुनै निकायवाट सहयोग नपाएको शेरपुजाले बताए ।-रासस

## नवलपुरका किसानलाई चैते धान रोप्न भ्याइनभ्याइ



नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा सिँचाइको सुविधा पर्याप्त भएको र सिमसार क्षेत्रका किसान अहिले चैते (हिउँदे) धान लगाउन व्यस्त छन् । दुई बाली धान लगाउन मिल्ने जिल्लाका विभिन्न स्थान र सिमसार क्षेत्रका किसानलाई अहिले धान रोप्न भ्याइनभ्याइ छ ।

मकैभन्दा धान उत्पादन राम्रो हुने र दुई बाली धान लगाउँदा एक बालीको धान बिक्री गरेर आम्दानी गर्न सकिने भएकाले किसानहरू यसतर्फ आकर्षित भएका हुन् ।

विगत चार वर्षदेखि जिल्लाको गैँडाकोट, देवचुली, कावासोती, मध्यविन्दु नगरपालिका र विनयी त्रिवेणी, बुलिङटार, बौदीकाली गाउँपालिकामा चैते धान खेतीको ब्लक क्षेत्र छुट्याएर खेती सुरु गरिएको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए । 'जिल्लाको कावासोती नगरपालिका-८ देखि १७, गैँडाकोट नगरपालिका-१०, ११, १२ र १३, देवचुली नगरपालिका-१७, मध्यविन्दु नगरपालिका-२ र ३, विनयी त्रिवेणी गाउँपालिका-१ र ५, बुलिङटार गाउँपालिका-३ र बौदीकाली गाउँपालिका-४ मा हिउँदे धान खेती हुने गरेको छ', उनले भने । कृषि ज्ञान केन्द्र नवलपुरले चैते धान उत्पादन हुने सिँचाइ सुविधा पुगेको तथा पर्याप्त क्षेत्रफल भएको स्थानमा धानको पकेट क्षेत्र निर्माण गरी किसानलाई प्रोत्साहन गर्दै आएको छ । बर्खे धानको तुलनामा चैते धानको उत्पादन राम्रो हुने भएकाले पनि चैते धानतर्फ किसानको आकर्षण बढेको प्रमुख तिवारीले बताए । 'गत वर्ष जिल्लामा एक हजार दुई सय १० हेक्टर क्षेत्रफलमा चैते धान खेती भएको थियो', उनले भने, 'यस वर्ष एक हजार तीन सय २५ हेक्टर क्षेत्रफलमा चैते धान खेती हुने भएको छ ।

गतवर्ष भन्दा अहिले एक सय १५ हेक्टर क्षेत्रफलमा विस्तार भएको छ ।' जिल्लामा गतवर्ष एक हजार दुई सय १० हेक्टर क्षेत्रफलमा चैते धान रोपाइँ हुँदा छ हजार एक सय २३ मेट्रिक टन धान उत्पादन भएको थियो । बर्खे धान प्रतिहेक्टर तीन टनभन्दा बढी उत्पादन हुनेमा चैते धान प्रतिहेक्टर तीनदेखि चार टनसम्म उत्पादन हुने प्रमुख तिवारीले जानकारी दिए । 'चैते धानमा रोग तथा कीरा पनि कम लाग्ने भएकाले किसानका लागि यो राम्रो मानिन्छ', उनले भने,'जिल्लामा विशेष गरी चैते-५ र हर्दिनाथ-१ जातको चैते धान रोप्ने गरिन्छ ।'-रासस

## अफ्रिकन स्वाइन फिवर रोकथाम गर्न निगरानी



सुँगुर, बङ्गुरलगायतका पशुमा महामारीका रुपमा फैलिने 'अफ्रिकन स्वाइन फिवर' रोग भित्रिन नदिन कैलाली जिल्लाका सीमानाकामा निगरानी बढाइने भएको छ । जिल्ला प्रशासन कार्यालय कैलालीमा बसेको सरोकारवालाको बैठकमा यो रोग भित्रिन नदिन सीमानाकामा अवैध पैठारी तथा ओसारपसार नियन्त्रणका लागि निगरानी बढाउने निर्णय गरिएको हो ।

सुदूरपश्चिम प्रदेशका कैलालीसहितका जिल्लामा अफ्रिकन स्वाइन फिवर रोग फैलिन सक्ने जोखिम बढेकाले सचेत रहन कृषक तथा व्यावसायिक फार्मलाई भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कैलालीले अपिल गरेको छ । बैठकमा बङ्गुर तथा बङ्गुरजन्य पदार्थको ढुवानीमा पशु ढुवानी मापदण्ड २०६४ तथा भेटेनरी निरोगिताको प्रमाणपत्रसम्बन्धी प्रावधानलाई प्रभावकारी कार्यान्वयन गर्न सरोकारवाला सबैलाई अनुरोध गर्ने, कृषक तथा बङ्गुर व्यवसायीलाई जैविक सुरक्षाको विधि अवलम्बन गर्न उत्प्रेरित गराउने, पशु तथा पशुजन्य सामग्री तथा सवारी साधनको निर्मलीकरण गर्न लगाउने र आवश्यक सचेतनामूलक कार्यक्रम पनि सञ्चालन गर्ने निर्णय गरेको छ । यसैगरी पछिल्ला महिनामा कतिपय फार्मका बाख्रामा 'टोक्सोप्लाज्मा गोन्डी' र 'क्यु फिवर' नामको (बाख्रा तुहिने) रोगको पुष्टि भएको सन्दर्भमा यो रोगको रोकथामका लागि पनि सरोकारवाला निकाय र कृषकसँग समन्वय गरी सचेतनामूलक कार्यगर्ने पनि निर्णय गरिएकाे छ । गोदावरी, गौरीगंगा र घोडाघोडी नगर क्षेत्रका कतिपय फार्मको बाख्राको नमूना परीक्षण गर्दा 'टोक्सोप्लाज्मा गोन्डी र क्यु फिवर' रोगको पुष्टि भएको भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनगढीका प्रमुख डा.हेमराज अवस्थीले जानकारी दिए । सो अवसरमा प्रमुख जिल्ला अधिकारी धमेन्द्रकुमार मिश्रले बङ्गुर सुँगुरको व्यवसायमा लागेका किसानको व्यवसायमा प्रतिकूल असर नपुग्ने गरी कडाइका साथ रोगको रोकथामको पहल गर्नुपर्ने बताए । भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनगढीका प्रमुख डा.अवस्थीले अफ्रिकन स्वाइन फिवर रोग र यसले निम्त्याउन सक्ने समस्या, रोकथाममा लागि गरिएको पहलका बारेमा जानकारी गराएका थिए । पशुपन्छी रोग अन्वेषण प्रयोगशालाका प्रमुख डा.नरेशप्रसाद जोशीले यो रोगको रोकथामका लागि जैविक सुरक्षा नै प्रभावकारी उपाय रहेको बताए ।

यो रोगको सङ्क्रमण बढ्दा विगतमा कैलालीको भजनीका एक व्यवसायीको फार्ममा चार सय १५ बङ्गुर मरेका थिए । सुँगुर, बङ्गुर तथा बँदेल प्रजातिमा विषालुका कारण लाग्ने यो अफ्रिकन स्वाइन फिवर रोगको मृत्युदर उच्च रहेको र छिटो फैलिने गरेको बताइन्छ । नेपालमा पहिलो पटक गत वर्ष जेठ महिनामा यो रोगको पुष्टि भएको थियो । देशभरका २८ जिल्लामा सङ्क्रमण देखिएपछि जैविक सुरक्षाको विधि अवलम्बनसँगै सीमा तथा आन्तरिक क्वारेन्टाइनबाट ओसारपसारमा निगरानीका साथै सचेतनाका कार्यक्रम गरिएको थियो । यो रोगको सङ्क्रमण हुँदा सुँगुर, बङ्गुर तथा बँदेलमा उच्च ज्वरो आउने, कान, पुच्छर, पेटको तल्लो भागको बाहिरि छाला रातो हुने, शरीरमा निलो धब्बा देखिने, खाना नखाने, बान्ता गर्ने, छेर्ने, छटपटाउने, तुहिनेजस्ता लक्षण देखिन्छन् ।

विश्व पशु स्वास्थ्य संगठनले यो रोग नियन्त्रण गर्न सङ्क्रमित क्षेत्रबाट ओसारपसार नियन्त्रणसहित जैविक सुरक्षामा विशेष ध्यान पुर्याउन सिफारिस गरेको डा.अवस्थीले जानकारी दिए । फार्ममा जैविक सुरक्षाका विधि अवलम्बन गर्ने, बङ्गुर पालिएको खोर र फार्ममा नियमित सरसफाइ गरी चुना, ब्लिचिङ पाउडर लगायतका नि:सङ्क्रमणका औषधि प्रयोग नि:सङ्क्रमण गर्ने, रोगको शंका लागेको पशुलाई बथानबाट छुट्याएर अलग्गै राख्ने, मरेका पशुलाई खाडलमा गाड्नेलगायतका उपाय अपनाउन सकिने पशु चिकित्सकको भनाइ छ ।-रासस

## कर्णालीमा खाद्यान्नको चरम अभाव

कर्णाली प्रदेशमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीका डिपोमा चामल नहुँदा रित्ता भएका छन् । चामलको अभावमा डिपो, बिक्री केन्द्र रित्तै भएको लामो समय भए पनि अहिलेसम्म चामल पुग्न सकेको छैन । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले चामल खरिदका लागि दुईपटक बोलपत्र गरेपनि ठेक्का कसैले नलिँदा चामल अभाव भएको कम्पनीका कर्णाली प्रदेश प्रमुख माधव मिश्रले जानकारी दिए । कर्णालीमा सबैभन्दा बढी अरुवा मोटा चामल माग भए पनि सो चामलको चरम अभाव भएको प्रमुख मिश्रले बताए । महँगो रकम पर्ने स्टीम जिरा मसिनो चामल केहीमात्रामा भए पनि चामल बिक्री नहुने भएकाले अरुवा मोटा चामल नै सबैभन्दा बढी कर्णालीमा माग हुने गरेको छ । जिल्ला सदरमुकाममा रहेका कारागार शाखामा समेत उक्त चामल प्रयोग हुन्छ । डिपोमा चामल नहुँदा दिन नसक्ने अवस्थामा पुगेको प्रमुख मिश्रले सुनाए । महँगोमा खरिद गरेर सस्तोमा कसरी दिने भन्ने समस्या भएको उनको भनाइ छ । भूकम्पबाट प्रभावित जाजरकोटका चार बिक्री केन्द्र र चार डिपो चामलको अभावमा रित्ता रहेको जिल्ला कार्यालयका प्रमुख रामप्रसाद पौडेलले बताए । मसिनो चामल प्रतिकेजी ९२ मा बिक्री हुन्छ । सो चामल स्थानीयवासीले नरुचाएको उनले सुनाए । जाजरकोटमा अरुवा मोटा चामल रु ५४ मा पाइन्छ । यसको माग धेरै रहेको उनको भनाइ छ । भूकम्पका कारण उठीबास भएर अस्थायी टहरामा बसिरहेका पीडित दैनिक चामल लिन आए पनि डिपोमा चामल नहुँदा रित्तो हात फर्कनुपर्ने बाध्यता सिर्जना भएको छ । बजारमा चामल किन्दा भारीमात्रामा महँगो छ । खाद्यमा जाँदा चामल नपाउँदा समस्या भएको बारेकोट गाउँपालिका-५ का प्रेम शाहीले गुनासो गरे । जति महँगो भए पनि बजारकै चामल ल्याएर प्रयोग गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । चामल नभएपछि अधिकांश गोदाममा ताल्चा लगाइएको छ । सदरमुकाम बाहिरका डिपो तथा बिक्री केन्द्रमा कर्मचारी नबस्ने र चामल आएमा ठेकेदारले आफैँ बिक्री गर्दै आएका छन् । कर्मचारी अभावका कारण ढुवानीकर्ताले नै चामल बिक्री गर्छन् । कर्णालीका जाजरकोट, डोल्पा, हुम्ला, कालीकोट, मुगु र जुम्लामा खाद्यान्न अभाव छ । यी जिल्लामा उत्पादन हुने खाद्यान्नले वर्षभर खान नपुग्ने भएकाले बजार तथा कम्पनीको चामलको भरमा यहाँका सर्वसाधारण छन् । सरकारी तथ्याङ्क अनुसार कालीकोटमा वार्षिक २९ हजार सात सय ३९ मेट्रिकटन खाद्यान्न आवश्यक पर्दछ । यहाँ वार्षिक १७ हजार नौ सय ६४ मेट्रिकटन खाद्यान्न कमी छ । जाजरकोटमा दुई हजार ९७, डोल्पामा दुई हजार सात सय ८७, जुम्लामा सात हजार ३०, हुम्लामा आठ हजार दुई सय ७३ र मुगुमा पाँच हजार चार सय ४४ मेट्रिकटन खाद्यान्न अपुग हुने गरेको प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । कर्णालीमा वार्षिक २३ हजार चार सय २० मेट्रिकटन खाद्यान्न अपुग रहँदै आएको मन्त्रालयले जनाएको छ । कर्णालीका रुकुमपश्चिम, सल्यान, सुर्खेत र दैलेखमात्र खाद्यान्नमा आत्मनिर्भर छन् । रुकुम पश्चिमले आवश्यकता परिपूर्ति गरेर वार्षिक चार हजार एक सय मेट्रिकटन खाद्यान्न सञ्चित गर्दै आएको छ । सबैभन्दा बढी खाद्यान्न सञ्चित सल्यानले गर्दछ, जहाँ वार्षिक १३ हजार नौ सय ९६ मेट्रिकटन सञ्चित हुने गर्दछ । अहिले सुर्खेतमा समेत अरुवा मोटो चामल नहुँदा समस्या भएको छ । सुर्खेतमा ७७ हजार छ सय ६० मेट्रिकटन खाद्यान्न आवश्यक हुन्छ भने त्यसमध्ये ७८ हजार सात सय ३४ मेट्रिकटन उत्पादन गरेर एक हजार ७४ मेट्रिकटन भण्डार गर्दै आएको छ । बाँकी जिल्लामा भने स्थानीय उत्पादनले वर्षभर खान पुग्दैन । कर्णालीमा १६ डिपो छन् भने बिक्री केन्द्रको सङ्ख्या २६ छ । जाजरकोटमा सदरमुकामसहित पाँच डिपो र चार वटा बिक्री केन्द्र छन् । दैलेखका तीन ठाउँमा बिक्री केन्द्र र एक डिपो छ । कालीकोटमा चार डिपो र एक बिक्री केन्द्र छ । जुम्लामा तीनवटा डिपो, मुगुमा चार डिपो र दुई बिक्री केन्द्र छन् । डोल्पामा चार डिपो र चार वटा बिक्री केन्द्र छन् । हुम्लामा तीन डिपो र छ वटा बिक्री केन्द्र स्थापना भएका छन् । रुकुम पश्चिममा दुई डिपो र एक बिक्री केन्द्र रहेको प्रदेश कार्यालयले जनाएको छ । कर्णालीका छ जिल्लामा अनुदानको चामल ढुवानी गर्दा रु आठ करोड १४ लाख ५२ हजार एक सय ३५ लाग्छ । कर्णालीमा खरिदभन्दा ढुवानीमा खर्च बढी हुने गरेको छ । हुम्ला र मुगुमा हवाई मार्गबाट समेत ढुवानी हुँदै आएको छ । कर्णालीको हुम्लामा अझैसम्म सडक सञ्जाल नजोडिएका कारण त्यहाँ खाद्यान्न ढुवानी गर्न समस्या हुन्छ । उपल्लो डोल्पामा छ वर्षदेखि एक गेडा चामल ढुवानी भएको छैन ।

-रासस

# आजदेखि बालबालिकालाई दादुरा-रुबेलाविरुद्धको खोप लगाईंदै

**सीमा भट्टराई**




**पाल्पा,** फागुन १२/सरकारले आजदेखि पाल्पासहित देशैभर दादुरा-रुबेलाविरुद्धको खोप अभियान सञ्चालन गर्न लागेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार फागुन १३ गतेबाट चैत ७ गतेसम्म देशैभर खोप अभियान सञ्चालन गर्न लागिएको हो ।

दादुरा, रुबेला निकै संक्रामक र प्राणघातक रोग भएका कारण यसबाट बालबालिकाको मृत्यु नै हुन सक्ने भएकाले सरकारले त्यसबाट जोगिन खोप अभियान सञ्चालन गर्न लागेको जनाइएको छ । स्वास्थ्य सेवा विभाग अन्तर्गतको परिवार कल्याण महाशाखाको खोप शाखाका अनुसार खोप अभियान अन्तर्गत करिव ५७ लाखभन्दा बालबालिकालाई खोप लगाउने लक्ष्य रहेको छ । पाल्पामा पनि आजदेखि २६ गतेसम्म ९ महिनादेखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई खोप दिन लागिएको स्वास्थ्य कार्यालय पाल्पाले जनाएको छ । जिल्लामा २ सय ७९ खोप केन्द्र मार्फत १७ हजार ८ सय ४५ बालबालिकालाई खोप दिइने स्वास्थ्य कार्यालयका प्रमुख डा.राजेन्द्र गिरीले जानकारी दिए । जिल्लामा खोप अभियानको सुरुवात तानसेनस्थित युनाइटेड मिसन अस्पतालबाट हुने जनाइएको छ । जिल्लामा पहिलो चरणमा फागुन १३ देखि १७ गतेसम्म रैनादेवी छहरा गाउँपालिका, रिब्दीकोट गाउँपालिका, तानसेन नगरपालिका, तिनाउ गाउँपालिका, माथागढी गाउँपालिका र बगनासकाली गाउँपालिकाका बालबालिकाहरुलाई खोप दिनेछ । फागुन २१ गतेदेखि २६ गतेसम्म जिल्लाका अन्य ४ वटा पालिकामा खोप अभियान सञ्चालन गरिने छ । दोश्रो चरणमा रम्भा गाउँपालिका, रामपुर नगरपालिका, पूर्वखोला गाउँपालिका र निस्दी गाउँपालिकामा खोप अभियान सञ्चालन हुने प्रमुख गिरीले बताए । नजिकैको स्वास्थ्य संस्था तथा विद्यालयमा सम्पर्क गरी खोप लगाउने मिति र खोप केन्द्रबारे जानकारी लिन र आफ्ना बालबालिकालाई खोप लगाउन स्वास्थ्य कार्यालयले सबैमा अनुरोध गरेको छ । अभियानका लागि ५ सय ६० स्वयंसेवक खटिएका छन् भने २ सय ८० स्वास्थ्यकर्मी परिचालित छन् । दादुरा-रूबेला संक्रक्रमणको जोखिमलाई मध्यनजर गर्दै सरकारले भारतसँग सीमा जोडिएका तराईका २१ जिल्ला तथा काठमाडौं उपत्यकाका काठमाडौं, भक्तपुर र ललितपुरमा नौ महिनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई दादुरा-रूबेलाविरुद्धको खोप लगाइने जनाएको छ । बाँकी ५१ जिल्लामा भने ९ महिनादेखि ५ वर्ष मुनिका बालबालिकालाई पनि खोप अभियानमा सहभागी गराइने छ । बाँकी २ जिल्ला जाजरकोट र रुकुमपश्चिममा भने यसअघि नै खोप अभियान सञ्चालन भइसकेको छ । सरकारले सन् २०२६ सम्म दादुरा-रूबेला निवारण गर्ने लक्ष्यका साथ खोप अभियान सञ्चालन गरेको हो । दादुरा निवारणका लागि ९५ प्रतिशतले दादुरा खोप लगाएको हुनुपर्छ । दादुरा-रुबेला रोगबाट पूर्णरुपमा बचाउन नियमित खोपमार्फत बालबालिकालाई ९ महिना पुगेपछि पहिलो मात्रा र १५ महिना पुगेपछि दोस्रो मात्रा लगाउनैपर्छ । नेपालमा दादुराविरुद्धको खोप सन् १९७९ बाट लगाउन सुरु गरिएको हो । दादुराविरुद्धको खोपको एक डोजले कम्तीमा ८५ प्रतिशत प्रतिरक्षा शक्ति प्रदान गर्दछ । दुई डोजले करिब १०० प्रतिशतसम्म बालबालिकाहरू पूर्णरूपमा सुरक्षित गर्न सक्छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०२२ को प्रतिवेदनले १६ प्रतिशत बालबालिकाहरू पूर्ण खोपबाट वञ्चित छन् भने ४ प्रतिशत बच्चा शून्य डोज पनि नलगाएको बताउँछ । १ जना दादुरा संक्रमितले १८ जना सम्मलाई रोग सार्न सक्ने चिकित्सकहरु बताउँछन् ।

# स्वामी लोकानन्दले गरे तानसेनस्थित शिवधामको दर्शन

**कृष्ण पोखरेल**



**पाल्पा,** फागुन १२/धार्मिक गुरु तत्वदर्शी ब्रहमनिष्ट सन्त शिरोमणी स्वामी लोकानन्द महाराजले तानसेन नगरपालिका- ५ स्थित लक्ष्मी मावी माथि रहेको ढाँडकुटीमा नर्मदेश्वर शिवलिङ्गको दर्शन गरेका छन् । विस १९४५ मा स्थापना भएको ढाँडकुटीमा १९६८ मा विधिवत रुपमा नर्मदेश्वर शिवधाम स्थापना गरी नियमित रुपमा पुजा पाठ हुँदै आएको छ । स्वामीले नर्मदेश्वर शिवको दर्शन गरेपछी धार्मिक प्रवचन दिए ।

संसारमा मानिसले सतकर्मको चाहाना गरेमा ईश्वरले सफल बनाउने भएकाले भव्य शिवालयको मन्दिर बनाउन स्वामीले भक्तजनहरुलाई अनुरोध गरे । ऐतिहासिक एवं पुरातात्विक महत्वको ढाँडकुटीमा ५४ फिटको शिव मन्दिर स्थापना गरी सो माथी १०८ किलोको नर्मदेश्वर महादेव शिवलिङ्ग स्थापना गर्नुपर्ने उनले बताए । देखिदा ठूलो र खर्चिलो देखिए पनि भक्तजनमा इच्छाशक्ती जागेमा काम सजिलै सम्पन्न गर्न सकिने स्वामी लोकानन्दले बताए । उनले भने,'भक्तजनहरुले प्रत्येक दिन आफुले खाने अन्न, चिया, खाने पान, गुटका, खैनीमा कटौती गर्नुस्, यसरी नै सजिलै चाहेको रकम संकलन गर्न सकिने र आँटेको काम पुरा गर्न सकिन्छ ।' स्वामीले बाहिर समाजमा रहँदा आ-आफ्नो ढंगले राजनीति गरे पनि मन्दिर भित्र प्रवेश गरेपछि सबैले ईश्वरका भक्त भन्ने भाव राख्न सबैलाई अनुरोध गरे । उनले भने,'बाहिर हुँदा राजनीति गर्नुस् विचार राख्नुस्, आ-आफ्नो काम कर्म गर्नुस् तर मन्दिर भित्र प्रवेश गरेपछी सबैले एक मात्र भाव राख्नुस् हामी इश्वरका भक्त हौं, हामी सबै एक छौं, हामीले ईश्वरीय ध्यानका लागि सक्दो सहयोग गर्छौं ।' यस्तो मनोभावनाले काम गरेमा मन्दिर निर्माणको लागी चाहिने आवश्यक सहयोग जुट्ने लोकानन्द स्वामीले बताए । स्थानीय समाजसेवी बाबुराम बोहोराको अगुवाईमा धार्मिक गुरु लोकानन्दलाई ढाँडकुटी शिवधाममा दर्शन तथा अवलोकन गराईएको हो । शिवधामको सोही क्षेत्रमा ३५ रोपनी र प्रभासमा १३ रोपनी गुठी जग्गा रहेको छ । मन्दिर व्यवस्थापन समितिले स्थानीयस्तरमा चन्दा रकम उठाएर १०८ शिवलिङ्ग स्थापना गर्ने तयारीमा जुटेको छ । मन्दिर दर्शन, अवलोकन तथा प्रवचन मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रमेश बोहोराको अध्यक्षता र सचिव विनोद घिमिरेको सञ्चालनमा भएको थियो ।

## खेलकुद समाचार

# चौथो टेस्टमा संकटमा भारत



**एजेन्सी**

**राँची,** फागुन १२/भारत र इंग्ल्याण्डबिचको राँचीमा जारी चौथो टेस्ट म्याचको दोस्रो दिन भारतीय टोलीले आफ्नो पहिलो इनिङ्समा सात विकेट गुमाएर २१९ रन बनाएको छ । यसअघि पहिले ब्याटिङ गरेको इंग्ल्याण्डले जो रुटको शतकको मद्दतले ३५३ रन बनाएको थियो ।

टस जितेर पहिले ब्याटिङ गरेको इंग्ल्याण्डका लागि पहिलो दिनको खेलमा जो रुटले शतक बनाएका थिए । पहिलो दिनको खेल समाप्त हुँदा इंग्ल्याण्डले सात विकेट गुमाएर ३०२ रन बनाएको थियो । दोस्रो दिनको पहिलो १५ ओभरमा इंग्ल्याण्डले बाँकी तीन विकेट गुमाएको थियो । जो रुटले १२२ रन बनाएर अविजित रहे । त्यसपछि भारतको इनिङ्सको सुरुवात राम्रो भएन । तेस्रो ओभरमा कप्तान रोहित शर्मा मात्र दुई रन बनाएर आउट भए । यशस्वी जैस्वाल र शुभमन गिलले दोस्रो विकेटका लागि ८२ रनको साझेदारी गरे पनि गिल ३८ रनको व्यक्तिगत स्कोरमा आउट भएपछि भारतको विकेट नियमित रूपमा खस्न थाल्यो । यस क्रममा यशस्वी जैसवालले आफ्नो अर्धशतक पूरा गर्दै ७३ रन बनाएर आउट भए । ८६ रनमा मात्रै एक विकेट गुमाएको भारतीय टोलीले थप ९१ रन बनाउँदा टोलीका छ जना ब्याट्सम्यान प्याभिलियन फर्किएका थिए ।यसपछि करियरको दोस्रो टेस्ट खेल्दै गरेका ध्रुव जुरेल र कुलदीप यादवले आठौं विकेटका लागि ४२ रन जोडे ।

## कर्पोरेट/अर्थ समाचार

# सर्वोत्तमले खुलायो आईपीओ




**पाल्पा,** फागुन १२/सर्वोत्तम सिमेन्ट कम्पनीले प्राथमिक सेयर (आईपीओ) बिक्री खुला गर्ने भएको छ । सिमेन्ट कम्पनीले आज (आइतबारदेखि) आइपीओ खुला गर्न लागेको हो ।

सर्वसाधारणले प्रतिकित्ता ३ सय ६० दशमलव ९० रुपैयाँमा आवेदन दिन पाउने छन् । फागुन १६ गतेसम्म आवेदन दिन पाइने सेयरमा न्यूनतम ५० कित्ता आवेदन दिनुपर्ने हुन्छ । यसअनुसार सर्वसाधारणले सर्वोत्तमको आईपीओ किन्न आवेदन दिँदा आफ्नो खातामा १८ हजार ४५ रुपैयाँ हुनुपर्छ ।

सर्वोत्तम सिमेन्टले नेपालको पुँजीबजारको इतिहासमा नै पहिलोपटक बुक बिल्डिङ विधिबाट आईपीओ ल्याउन लागेको हो । नवलपरासीको सुनवल नगरपालिकामा अवस्थित यो कम्पनीले सर्वसाधारणका लागि २७ लाख ७६ हजार ७६ कित्ता सेयर छुट्याइएको छ । कम्पनीले यसअघि, सामूहिक लगानी कोष, वैदेशिक रोजगारीमा गएका, आयोजना प्रभावित स्थानीय र कर्मचारीलाई सेयर बिक्री गरिसकेको छ । उद्योगले आफ्नो जारी पुँजी ४ अर्ब ६५ करोडको १२.९०३३ प्रतिशतका दरले हुने ६० लाख कित्ता सेयर बिक्रीका लागि ल्याएको थियो ।

यो सेयरको मूल्य निर्धारण संस्थागत लगानीकर्ताले बोलकबोल प्रक्रियामार्फत ४० प्रतिशत अर्थात् २४ लाख कित्ता सेयर बुक बिल्डिङ प्रक्रियामा किनिसकेका छन् । यसक्रममा कट अफ मूल्य ४०१ रुपैयाँ प्रतिकित्ता कायम भएको थियो । यसपछि, २ लाख ६७ हजार कित्ता सेयर वैदेशिक रोजगारीमा गएकाहरूलाई बाँडफाँड भइसकेको छ । यस्तै, स्थानीय बासिन्दाका लागि ९ लाख ३० हजार कित्ता र कर्मचारीका लागि १ लाख ५४ हजार २२७ कित्ता सेयर बाँडफाँड भइसकेको छ ।


# हार्दिक समवेदना



जन्म — वि.सं. २००४/०२/१० **स्व.सन्तवीर कोइरला** स्वर्गारोहण — वि.सं. २०८०/११/०२

परियार समाज गुठी तानसेन पाल्पाका संस्थापक सदस्य **सन्तवीर कोइरला**को ७७ वर्षको उमेरमा भएको असामयिक निधनले यस गुठी परिवार स्तब्ध भएको छ । साथै यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना सँगै **हार्दिक श्रद्धाञ्जली** तथा शोकाकूल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

| कोषाध्यक्ष | महासचिव | अध्यक्ष |
|---|---|---|
| विष्णु गौतम | सुजन कार्की | तीर्थप्रसाद गौतम |

एवं

**परियार समाज गुठी**

तानसेन, पाल्पा



लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय, पाल्पा**

## दादुरा-रूबेला खोप अभियान २०८०/८१

यहि २०८० साल फागुन १३ गतेदेखि १७ गतेसम्म पाल्पा जिल्लाका ६ स्थानीय तहमा र फागुन २१ देखि २६ सम्म पुर्वी पाल्पाका ४ स्थानीय तहमा ९ महिना देखि ५ वर्षसम्मका बालबालिकाहरुलाइ दादुरा-रूबेला बिरुद्धको खोप लगाइदै छ । त्यसैले आ-आफ्ना बालबालिकाहरुलाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा-रूबेला खोप लगाउनुहुन अनुरोध छ । साथै यस अभियानमा ५ वर्षमुनिका बालबालिकाहरुलाई छुट भएको नियमित खोप पनि लगाइने भएकाले खोप कार्ड लिई आउनुहुन पनि अनुरोध छ ।

खोप अभियान सञ्चालन हुने मिति समय र खोप केन्द्र रहने स्थानको बारेमा स्थानीय स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका वा वडाका जनप्रतिनिधिहरुवाट प्राप्त गर्न सकिन्छ ।

दादुरा-रूबेला लागेका १ जना व्यक्तिले १८ जना सम्मलाई संक्रमण गर्न सक्छ, त्यसैले यो रोगबाट सुरक्षित हुन बालबालिकाहरुलाई दादुरा-रूबेला खोप लगाऔ र नेपालबाट दादुरा-रूबेला रोग निवारण गरौं ।

**फागुन १३ गतेबाट अभियान शुरु हुने स्थानीय तह : रैनादेवी छहरा, रिब्दीकोट, तानसेन, बगनासकाली, तिनाउ र माथागढी ।**

**फागुन २१ गतेबाट अभियान शुरु हुने स्थानीय तह : रम्भा, पूर्वखोला, रामपुर र निस्दी ।**


***जिल्ला खोप समन्वय समिति***
***एवं स्वास्थ्य कार्यालय, पाल्पा***



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई